# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३०] काठमाडौं, पुस १ गते २०३७ साल [अतिरिक्ताङ्क ५३

# शाही घोषणा

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट "श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस" को उपलक्ष्यमा शाही नेपाली सैनिक मञ्च, टुंडिखेलमा आयोजित समारोहमा देशवासीका नाममा बक्सेको शाही घोषणा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

प्यारा देशवासीहरू,

आज "श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस" मनाउन आयोजित यस समारोह-लाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ। यस पुनीत उपलक्ष्यमा हामीहरू सबैले स्वर्गीय बुबाज्यूको सम्झना गर्दै मौसूफमा श्रद्धाञ्जलि अर्पण गरौं।

मुलुकको सार्वभौमिकताको संरक्षण, सर्वाङ्गीण विकास र राष्ट्रिय एकता कायम गर्नु नै हाम्रो उद्देश्य रही आएको र यसै उद्देश्य प्राप्तिका लागि हामीबाट समय-समयमा विभिन्न कदमहरू चालिआएको कुरा पनि सबैलाई विदितै छ। हाम्रा स्वर्गीय पूज्य बुबाज्यू श्री ५ महेन्द्रबाट नेपाली जीवनपद्धति, स्वभाव र परम्परागत संस्कार अनुसार उपयुक्त राजनैतिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्थाको रूपमा प्रादुर्भाव गरिबक्सेको दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको वास्तविक लक्ष्य प्राप्तिका लागि नेपालको संविधानमा समयानुकूल सुधार गर्दै लैजाने मनसाय बखत-बखतमा हामीबाट व्यक्त गरिबक्सेका हौं र हाम्रा देशवासीको पनि त्यही अनुरूप निर्दलीय पञ्चायती व्यवस्थामा सामयिक सुधार गर्दै यसै व्यवस्थालाई कायम गर्ने अठोट भएको कुरा स्पष्ट भइसकेको छ ।

निष्पक्ष रूपले विचार गरेमा यस व्यवस्थाले नेपालका हजारौं गाउँहरूमा व्यापक जनसहभागितामा आधारित वास्तविक प्रजातन्त्रको जग बसालेको मात्र होइन, जन-आकांक्षा अनुकूल जनताकै घरदैलोबाट उठेको व्यवस्था हुनाले नै जनमत संग्रहले यस व्यवस्थामा रहेको जनआस्थालाई अझ टड्कारो रूपमा प्रतिबिम्बित गरेको छ । पञ्च र पञ्चायत आज सम्पूर्ण नेपालीको घरायसी शब्द बनेको छ । त्यसैले पनि यस व्यवस्थाको विशाल परिवेशभित्र नेपाली हुँ भन्ने प्रत्येक व्यक्तिलाई अटाउन सक्ने समान अवसर उपलब्ध गराउनु आज हामी सबैको प्रयास हुन आवश्यक छ ।

गत वर्ष पौष १ गते हामीबाट बक्सेको सन्देशमा उल्लेख भएका सुधारहरूलाई जनमत संग्रहको परिणामका सन्दर्भमा मूर्तरूप दिने हेतुले २०३७ साल जेष्ठ ८ गते हामीबाट संविधान सुधार सुझाव आयोग गठन गरिबक्सेका थियौं । यस आयोगले नेपाली नागरिकहरूको रायसमेत लिई पेश गरेको सिफारिश र नेपालको संविधानको धारा ८२ बमोजिमको विशेष समितिको परामर्श लिई आजैका मितिमा हामीबाट नेपालको संविधान (तेस्रो संशोधन), २०३७ यसै घोषणाद्वारा जारी गरिबक्सेका छौं ।

देशको आर्थिक उन्नति तीव्र भएमा मात्र राष्ट्रिय अस्तित्व एवं व्यक्तित्वको संरक्षण हुनसक्छ । यसका निमित्त सुदृढ राजनीतिक ढाँचा र दृढ अठोटको आवश्यकता पर्दछ । यसै प्रसंगमा, जनमत संग्रहद्वारा निर्दिष्ट मान्यता अनुरूप राजनैतिक पद्धतिको उचित प्रयोग र विकास गरी सम्पूर्ण नेपालीलाई क्रियाशील, अनुशासित र मर्यादित गराउँदै राष्ट्रिय एकता र अर्थ व्यवस्थालाई खँदिलो र समृद्धिशाली बनाउँदै लैजाने उद्देश्य लिनु आजको समयको माग हो ।

वर्तमान संविधान सुधारले देशविकास तथा निर्माणको महान् दायित्व जनप्रतिनिधि-हरूले वहन गर्नुपर्ने तथ्यलाई ध्यानमा राखी राष्ट्रको व्यवस्थापिकामा बालिग मताधिकारको आधारमा निर्वाचन हुने व्यवस्था गरेको छ । राष्ट्रिय पञ्चायतबाट सिफारिश भएको व्यक्ति प्रधानमन्त्री नियुक्त हुने र मन्त्रिपरिषद् राष्ट्रिय पञ्चायतप्रति उत्तरदायी हुने पद्धतिको विकास होस् भन्ने अभिप्राय यस संशोधनमा रहेको छ । निरन्तर सतर्कता नै स्वाधिनताको पहरेदार हो भने झैं समुचित सन्तुलन र जनप्रतिनिधिहरूबीचको आपसी नियन्त्रणबिनाको प्रजातन्त्र अनुशासनहीन अधिनायकवादतिर लम्किने डर हुन्छ । त्यसो हुँदा राज्यको शक्तिविभाजनको मौलिक सिद्धान्त अन्तर्गत जनप्रतिनिधिहरूको विभिन्न संवैधानिक निकायहरूबीच जिम्मेदारीको भावनाको साथै पारस्परिक नियन्त्रण र सन्तुलन कायम गरिनु नितान्त आवश्यक देखिन्छ ।

६८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्तमान सुधारले सबै नेपाली पञ्च र सबै पञ्च नेपाली हुन् भन्ने अन्तर्निहित भावनाको उद्‌बोधन गर्दछ । मातृभूमिको विकास अभियानमा हामी सबैले आ-आफ्नो अमूल्य सेवा अर्पण गर्न सक्ने वातावरण तयार पार्नमा जोड दिइएको छ । जुनसुकै सुधारको उपादेयता त्यसको सफल कार्यान्वयनमा निर्भर गर्दछ । हाम्रो आदर्श र व्यवहार हाम्रो देश र हामी नेपाली-लाई सुहाउने खालको हुनु पर्दछ । आशा छ, समस्त देशवासीहरू कृत्रिम मतभेदलाई बिर्सी सदाको झैं सुधारको लक्ष्य अनुरूप सफल कार्यान्वयनमा सहभागी हुनेछन् ।

अन्त्यमा, दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले नेपाली मात्रलाई देश र आफ्नो कल्याण गर्ने सुअवसर प्रदान गरोस् र समस्त देशवासीहरू मातृभूमिको उज्ज्वल भविष्य निर्माण गर्ने अभियानमा उन्मुख होऊन्– यही हाम्रो कामना छ । यस संविधान सुधार कार्यमा लागेका सबै हाम्रा धन्यवादका पात्र छन् । साथै, यस समारोहको आयोजना गर्ने र यहाँ उपस्थित सबैलाई हामी धन्यवाद दिन चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्सेबमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

६८५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।